लुम्बिनी प्रदेश सरकार

# गृह मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्या: २०८०/८१
च.नं.: २३१

मिति: २०८० माघ २३ गते ।

विषय: जानकारी सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय (सबै),
लुम्बिनी प्रदेश ।

प्रस्तुत विषयमा यस मन्त्रालयको आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लुम्बिनी प्रदेशमा रहेका सशस्त्र द्वन्द्वका क्रममा घाइते तथा अपाङ्ग भएकाहरुको उपचारका लागि लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलसँग यस मन्त्रालयले कार्यक्रम सम्झौता गरि सशस्त्र द्वन्द्वका क्रममा घाइते तथा अपाङ्ग व्यक्तिहरुको उपचारको व्यवस्था मिलाएको हुँदा पत्रसाथ संलग्न सूचनालाई तहाँ कार्यालय, स्थानीय तहहरु, स्थानीय तहका वडा कार्यालयहरु तथा अन्य निकायहरु मार्फत सरोकारवाला सबैले जानकारी प्राप्त गर्ने गरि सूचनाको प्रचारप्रसार गरिदिनुहुनका लागि अनुरोध छ ।

२०८०/१०/२३

मेघराज सोनी
शाखा अधिकृत

लुम्बिनी प्रदेश सरकार

# गृह मन्त्रालय

राप्ति उपत्यका (देउखुरी), नेपाल

पत्र संख्याः २०८१/०८१

च.नं.:

मितिः २०८०/१०/२३ गते ।

विषयः सशस्त्र द्वन्द्वका क्रममा घाइते तथा अपाङ्ग भएकाहरुको उपचार सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा यस मन्त्रालयको आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लुम्बिनी प्रदेशमा रहेका सशस्त्र द्वन्द्वका क्रममा घाइते तथा अपाङ्ग भएकाहरुको उपचारका लागि लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलसँग यस मन्त्रालयले कार्यक्रम सम्झौता गरि सशस्त्र द्वन्द्वका क्रममा घाइते तथा अपाङ्ग व्यक्तिहरुको उपचारको व्यवस्था मिलाएको हुदाँ सशस्त्र द्वन्द्वका क्रममा घाइते तथा अपाङ्ग भएका व्यक्तिहरुले सशस्त्र द्वन्द्वका क्रममा घाइते तथा अपाङ्ग भएकाहरुको उपचार सम्बन्धी कार्यविधि, २०८० बमोजिम देहायका कागजातहरु सहित यस मन्त्रालयमा सम्पर्क गर्नुहुनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

देहाय

क। नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि,

ख। हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति

ग। जिल्ला प्रशासन कार्यालयले दिएको सशस्त्र द्वन्द्वको क्रममा घाइते तथा अपाङ्ग भएको भन्ने व्यहोराको सिफारिस पत्र,

घ। स्वास्थ्य समस्य पहिचान सम्बन्धी अस्पताल वा चिकित्सकको सिफारिस भएमा सोको प्रतिलिपि,

ङ। स्वास्थ्य समस्यासँग सम्बन्धीत वा पहिचान खुल्ने अन्य कागजात भएको त्यस्तो कागजातहरु।

२०८०/१०/२३

मेघराज सोनी

शाखा अधिकृत

प्रशासन